

# ३ मानिसहरुलाई येशूको आखाँहरु हेर्नु

*यस अध्यायका मूल पदहरू:* मर्कूस ८:२२-२६, यूहन्ना ४:३-३४, यूहन्ना १:४०,४१, मर्कूस १२:२८-३४, लूका २३:३९-४३ र प्रेरित ८:२६-३८।

***यस अध्यायको मूल सार पद:*** **"अनि उहाँले तिनीहरूलाई भन्नुभयो, 'मेरो पछि लाग र म तिमीहरूलाई मानिसहरूका मछुवा बनाउँनेछु।'" (मत्ती ४:१९ रूपान्तरित)।**

मानिसहरूलाई आफूतर्फ खिंच्न सक्ने येशू उत्कृष्ट गुरु हुनुहुन्थ्यो। येशूले मानिसहरूसँग कसरी काम गर्नुभयो भनेर हेर्यौं भने हामी पनि मानिसहरूलाई येशूद्वारा उपलब्ध गराइएको मुक्तिको आत्मज्ञानतिर डोऱ्याउन सक्छौं। यदि हामी यरुशलेमको हुलमुलमा, यहूदाको धुलो सडकमा र गलिलको हरियो डाँडामा उहाँसँगै हिंड्यौं भने परमेश्वरको राज्य खोजिरहने चाहना भएकाहरूलाई कसरी अगुवाइ गर्ने भन्ने उहाँको नीतिहरूलाई पत्ता लगाउन सक्नेछौं।

सबै पुरुषहरू र स्त्रीहरू उहाँको राज्यमा जान सक्ने लायक मानिस भएको कुरा येशूले देख्नुभएको थियो। प्रत्येक व्यक्तिलाई उहाँले इश्वरीय करुणाको आँखाहरूले हेर्नुभएको थियो। पत्रुसलाई उहाँले खस्रो कुरागर्ने, बकबके, अभद्र, कठोर र माछा मार्ने माझी मात्र देख्नुभएको थिएन तर सुसमाचारको निम्ति शक्तिशाली प्रचारक देख्नुभएको थियो। झनक्क रिसाउने र रिसाउदा आँखा नदेख्ने याकूब र यूहन्नालाई उहाँले उहाँको अनुग्रहलाई जोसका साथ घोषणा गर्ने मानिसहरूको रूपमा देख्नुभएको थियो। जन मानसमा तिरस्कृत र हेपिएकी मरियम मग्दलिनी, सामरी स्त्री, रगत बग्ने व्यथाले ग्रस्त भएकी र विदेशी भनेर कुकुर समान थहेपिएकी कनानी स्त्रीलाई उहाँले सबैले

असली प्रेम, माया, स्नेह र अरूले स्वीकार गरेको होस् भन्ने इच्छा गर्नु भएको थियो। थोमालाई उहाँले शङ्का उपसङ्का गर्ने उदास व्यक्ति मात्र देख्नुभएन बरू अरूको कुरामा होइन आफ्नै विश्वासलाई जाँचेर प्रमाणित गर्न चाहने इमान्दार व्यक्ति देख्नुभएको थियो। चाहे यहूदी, अयूदी वा अन्य जाति वा विदेशी, पुरुष वा स्त्री , क्रुसमा टाँगिएको आतङ्ककारी अपराधी नै किन नहोस्, गोरा जातका रोमी सिपाहीँहरूको हाकिम होस् वा दुष्ट आत्माले सताइएको बहुला मानिस नै किन नहोस्, ती सबैलाई परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको आँखाले येशूले हेर्नुभयो। र ती प्रत्येक व्यक्तिलाई अनन्त जीवनको निम्ति सम्भावित उम्मेदवारको रूपमा देख्नुभयो।

## १. येशूले दुई पटक छुनुभयो

येशूले आश्चर्य काम दुई तहमा गर्नुभएको विवरण बाइबलमा केवल एउटामात्र उदाहरण छ। जुन विवरण येशूले बेथसेदामा निको पार्नुभएको एक जना अन्धो मानिसको हो। यो कथा येशूको चर्चको निम्ति सदा समयसापेक्ष र कहिल्यै पुरानो नहुने पाठको रूपमा भरिएको पाइन्छ। येशूलाई विश्वास गर्छु र बप्तिस्माको समयमा मानिसलाई येशूतर्फ डोर्याउन सक्रिय हुनेछु भनेर शपथ खाने प्रत्येक विश्वासीको निम्ति मानिसलाई येशूतर्फ खिँच्ने तरिका अपनाउनुपर्ने परमेश्वरको योजनालाई चित्रण गरिएको छ। बाइबलले यो स्पष्ट विषयलाई यसरी प्रकट गर्दछ, "उहाँ बेथसेदामा आउनुभयो, र त्यहाँ एक जना अन्धो मानिस उहाँकहाँ ल्याइयो र उसलाई छुन तिनीहरूले बिन्ती गरे" (मर्कूस ८:२२ रूपान्तरित)। यहाँ दुई वटा मूल शब्दहरू उल्लेख गरिएका छन्। ती हुन् "ल्याए" र "बिन्ती अर्थात् अनुरोध।" अन्धो मानिस आफै येशूकहाँ "मलाई निको पारिदिनुहोस्" भनी आएन। उनका साथीहरूले उनको आवश्यकतालाई देखेका थिए र तिनीहरूले ती अन्धा मानिसलाई उहाँकहाँ ल्याए। अन्धो मानिसमा येशूप्रति त्यतिधेरै विश्वास भएको पनि देखिदैन। तर उसलाई ल्याउने मित्रहरूमा भने येशूप्रति विश्वास थियो। त्यस मानिसको अन्धोपना येशूले निको पार्नुहुन्छ भन्ने विश्वास ती मित्रहरूमा थियो।

येशूले कम्तिमा पनि २५ वटा निको पार्ने विशेष आश्चर्य कामहरू गर्नुभएको घट्ना नयाँ करारमा उल्लेख गरिएका छन्। त्यसमा आधाभन्दा बढी बिरामीलाई कुनै न कुनै आफन्त वा साथीहरूले येशूले निको पारून् भनेर नै उहाँकहाँ ल्याएका थिए। यदि येशूप्रति विश्वास दहुदो हो त धेरै मानिसहरू

उहाँकहाँ कहिल्यै आउँदैनथे। हाम्रो काम भनेकै ती मित्रहरूलेझैं मानिसहरूलाई येशूकहाँ ल्याएर उहाँलाई चिनाउने हो।

मर्कूस ८:२२मा उल्लेखित शब्दमा पनि हाम्रो ध्यान जानु जरुरी छ। त्यो शब्द हो "अनुरोध वा विन्ती गर्नु।" यसको अर्थ "अनुनय बिनय गर्नु, आग्रह गर्नु, प्रार्थना गर्नु, दयाको भिक्षा माग्नु, निबेदन गर्नु, नम्रतापूर्वक माग्नु"आदि हुन सक्छ। यसले नरम, दयालु र भद्रतरिकाले आग्रह गर्नु भन्ने अर्थ दिन्छ। यसको अर्थ ठूलो स्वरले चिच्याएर माग गर्नु कदापी होइन। ती अन्धा मानिसका साथीहरूले नम्र र भद्र भएर येशूसँग बिन्ती गर्दछन्। त्यो मानिस निको होस् भन्ने उहाँको चाहना हो र उहाँमा उसलाई निको पार्ने शक्ति छ भन्ने तिनीहरूमा विश्वास भएकै कारणले ती अन्धालाई उहाँकहाँ ल्याइएको थियो। ती अन्धामा येशूले निको पार्न सक्नुहुन्छ भन्ने विश्वास थियो भन्ने कुरा स्पष्ट छैन, तर उसका साथीहरूमा भने थियो। कतिपय समयमा हामीमा भएको विश्वासकै आधारमा अरूलाई येशूकहाँ ल्याउनु पनि महत्त्वपूर्ण हुन्छ।

**येशूले दुई चरणमा ती अन्धालाई निको पार्नुभएको थियो। जब हामी येशूको निम्ति गवाही हुन्छौं वा अरूलाई उहाँ चिनाउछौं तब यो कथाले हामीलाई के पाठ सिकाउँछ? हेर्नुहो मर्कू ८:२२-२६ "२२ त्यसपछि उहाँ बेथसेदा आउनुभयो, र मानिसहरूले एउटा अन्धो मानिसलाई उहाँकहाँ ल्याए, र त्यसलाई छोइदिनुहोस् भनी उहाँसँग बिन्ती गरे। २३ उहाँले त्यस अन्धो मानिसको हात समातेर त्यसलाई गाउँबाट बाहिर ल्याउनुभयो, र त्यसका आँखामा थुकेर त्यसमाथि आफ्ना हात राखी त्यसलाई सोध्नुभयो, 'के तिमी केही देख्छौ?" २४ अनि माथितिर हेरेर त्यसले भन्यो, 'म मानिसहरूलाई रूखहरूजस्तै हिँडिरहेका देख्छु।' २५ तब उहाँले फेरि त्यसका आँखामा हात राख्नुभयो, र त्यसले एक टक लाएर हेऱ्यो। त्यसले आफ्नो दृष्टि प्राप्त गऱ्यो र सबै थोक छर्लङ्ग देख्न लाग्यो। २६ तब उहाँले त्यसलाई गाउँतिर नपस्ने हुकुम गरी त्यसको घरमा पठाउनुभयो।"** के हामी पनि मानिसहरूलाई सिधा र सफासँग नदेख्ने भएका छौं त? के हामी कहिलेकाहीं मानिसहरूलाई अजिब रुख जस्तै महत्त्व नभएका वा वास्ता गर्नै नपर्ने तल्लो स्तरका भन्छौं त? हामीले प्रत्येक मानिसलाई परमेश्वरको राज्यको उम्मेदवार वा हकदारको रूपमा हेर्नुपर्ने हुन्छ। कतिपय समयमा मानिसहरूलाई वेवास्ता गर्ने र तिनीहरूलाई येशूतिर अगुवाई गर्न नसक्नुका कारण के होला?

**परमेश्वरतिर मानिसहरूलाई कसरी डोऱ्याउने भनेर माथिको कथाले सिकाएझैं त्यसबाट अरू के पाठ सिक्न सकिन्छ? परमेश्वरको राज्यबाट अलग भइरहेका मानिसहरूलाई उहाँतिर ल्याउन के कस्ता उपाए वा तत्वहरू प्रयोग गर्न सकिन्छ भनेर माथिको कथाले हामीलाई सिकाउछ?**

## २. हामीले सिक्नुपर्ने पाठ

सबै मानिसहरूलाई स्वर्गको नयाँ आँखा अर्थात् चस्मा वा दृष्टिले हेर्ने नीति येशू आफैले चेलाहरूको निम्ति उदाहरण बनेर देखाउनुभएको थियो। हरेक व्यक्ति फरक फरक हुन्छन्। फरक व्यक्तिलाई नयाँ दृष्टिकोणले हेरियोस् भन्ने येशूको चाहना थियो। उहाँको यो दृष्टिकोण क्रान्तिकारी अर्थात् कुनै सभ्यता, धर्म वा वादभन्दा फरक थियो। तिनीहरू को थिए होइन तर तिनीहरू के हुनसक्थे भन्ने दृष्टिले येशूले तिनीहरूलाई हेर्नुहुन्थ्यो। सबै मानिसहरूसँगको संगत वा व्यक्तिगत सम्पर्कमा उहाँले तिनीहरूलाई सम्मान, आदर र मर्यादापूर्ण व्यवहार गर्नुभयो। प्रायजसो उहाँले मानिसहरूलाई गर्नुभएको व्यवहार देखेर उहाँका चेलाहरू चकित हुन्थे। यहूदी समाजमा पानी नचल्ने र अछुत जाति भनेर हेपिएकी सामरी स्त्रीसँग उहाँले गर्नुभएको व्यवहारले विशेष गरी तिनीहरू छक्क परेका थिए।

*द आर्कियोलोजिकल स्टडी बाइबल* अर्थात् पुरातत्वको सामग्री रहेको बाइबल अध्ययन पुस्तकमा यहूदी र सामरीहरूको बीचमा हुने यो घतलाग्दो व्यवहारलाई उल्लेख गरिएको छः "सामरी र यहूदीहरूको बीचमा मतभिन्नता धेरै वर्ष अघिदेखि नै थियो। २ राजा १७ अनुसार सामरीहरू मेसोपोटामिया सभ्यताका मानिसहरूको बंशबाट आएका थिए। तिनीहरूलाई असेरियाको राजाले इस्राएलको उत्तरी भागमा जबरजस्ती बसोबास गराएका थिए। यो ई.पू. ७२२मा असेरियाका राजाले आफ्नो अधीनमा बस्न नचाहनेहरूलाई असेरियाबाट निश्कासन गरेका थिए। ती सामरीहरूले आफूले गरि आएको मूर्तिपूजासँग यहोवाको पूजाआजा समावेश गरेका थिए।" (जोन्दरभान, २००५) पृ. १७२७बाट रूपान्तरित। तिनीहरूले यहूदी धर्मको संस्कारमा परमेश्वरले मनाही गर्नुभएको मूर्तिपूजालाई भित्राए र तिनीहरूले यरुशलेमसँग प्रतिस्पर्धा गरेर आफ्नै क्षेत्रको पहाड माउन्ट गिरिजिममा मन्दिर स्थापना गरेर यहूदी पुजाहारी परम्पराको बिपरीत आफ्नै पुजाहारी स्थापना गरेका थिए। यहूदी धर्मसँग नमिल्ने र अछुत जाति भनेर यहूदीहरूले ठानेका सामरीहरूकै सहर

भएर गालिलमा जाने भनेर येशूले गर्नु भएको निर्णयले चेलाहरू अपठ्यारोमा पारेका थिए। उहाँले ती सामरीसँग गर्नु भएको धार्मिक छलफल देखेर चेलाहरू छक्क परेका थिए। तर सामरी स्त्रीहरूले आफूहरूलाई प्रेम गरियोस्, आफ्ना पापहरूलाई क्षमा दिइयोस र आफूहरूप्रति सदाशयता देखाएर स्वीकार गरियोस् भन्ने तिनको चाहनालाई येशूले स्पष्ट रूपमा बुझ्नुभएको थियो।

**यूहन्ना ४:१-४२ पढ्नुहोस्। सामरी स्त्रीसँग येशूले कसरी कुराकानी गर्नुभएको थियो? आफूसँग भएको येशूको बोलचालमा ती स्त्रीको प्रतिक्रिया कस्तो थियो? यस विषयमा चेलाहरूको प्रतिक्रिया कस्तो थियो र तिनीहरूको दृष्टिकोण वा सामरी स्त्रीप्रति भएको पूर्वाग्रहलाई उहाँले कसरी हटाउनुभयो? मानिसप्रति गर्नुपर्ने व्यवहारमा तिनीहरूको दिमागलाई उहाँले कसरी फराकिलो पार्नुभयो? हेर्नुहोस्, "१ यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ र बप्तिस्मा पनि दिँदैहुनुहुन्छ भन्ने फरिसीहरूले सुने। २ (वास्तवमा येशू आफैले त होइन, तर उहाँका चेलाहरूले बप्तिस्मा दिन्थे।) ३ जब येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदिया छोड़ेर फेरि गालीलमा फर्कनुभयो। ४ उहाँलाई सामरिया भएर जानुपर्थ्यो। ५ र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो। यो नगरचाहिँ याकूबले आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो। ६ त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्रायः मध्यान्ह भएको थियो। ७ एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई। येशूले त्यसलाई भन्नुभयो, 'मलाई पानी पिउन देऊ।' ८ उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। ९ तब सामरी स्त्रीले उहाँलाई भनी, 'तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ? ' (यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।) १० येशूले त्यसलाई भन्नुभयो, 'तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।' ११ त्यस स्त्रीले उहाँलाई भनी, 'हजूर, तपाईंसित उघाउने भाँड़ो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ? १२ के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र उनका गाईबस्तुले यही इनारको पानी पिए।' १३ येशूले त्यसलाई भन्नुभयो, 'यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो**

त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!' १५ त्यस
स्त्रीले उहाँलाई भनी, 'हजूर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र
यहाँ पानी भर्न आइरहनुपर्दैन।' १६ येशूले तिनलाई भन्नुभयो, 'जाऊ, तिम्रो
श्रीमान्लाई बोलाएर ल्याऊ।' १७ त्यस स्त्रीले भनी, 'मेरो श्रीमान् छैन।'
येशूले तिनलाई भन्नुभयो, 'तिम्रो श्रीमान् छैन भनी तिमीले ठीकै भन्यौ, १८
किनभने तिम्रा पाँच जना श्रीमान् भइसकेका छन्, र जो अहिले तिमीसँग छ,
त्यो तिम्रो श्रीमान् होइन। तिमीले यो साँचो भनेकी हौ।' १९ त्यस स्त्रीले
उहाँलाई भनी, 'हजूर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु। २०
हाम्रा पुर्खाहरूले यस डाँड़ामा आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि
आराधना गर्ने स्थान यरूशलेम हो।' २१ येशूले तिनलाई भन्नुभयो, 'ए नारी,
मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरू न त यस डाँड़ामा, न
यरूशलेममा पिताको आराधना गर्नेछौ। २२ तिमीहरू जे आराधना गर्दछौ सो
जान्दैनौ। हामी जे आराधना गर्दछौं सो जान्दछौं, किनभने मुक्तिचाहिँ
यहूदीहरूबाट आउँछ। २३ तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब
सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि
आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४ परमेश्वर
आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना
गर्नुपर्छ।' २५ त्यस स्त्रीले उहाँलाई भनी, 'म जान्दछु, कि मसीह आउनुहुन्छ
(जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै
कुरा बताउनुहुनेछ।' २६ येशूले तिनलाई भन्नुभयो, 'तिमीसँग बोल्ने, म उही
हुँ।' २७ त्यति नै बेला उहाँका चेलाहरू आए, र उहाँलाई एउटी स्त्रीसँग कुरा
गरिरहनुभएको देखेर छक्क परे, तर 'तपाईं के चाहनुहुन्छ? अथवा 'तपाईं त्यस
स्त्रीसँग किन बातचित गर्दैहुनुहुन्छ? भनेर कसैले सोधेनन्। २८ तब त्यो स्त्री
आफ्नो गाग्रो छोड़ेर नगरतिर गई, र मानिसहरूलाई भनी, २९ 'आओ, एक
जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो। कतै
उहाँ नै ख्रीष्ट त हुनुहुन्न? ३० तब तिनीहरू नगरबाट निस्केर उहाँकहाँ गए।
३१ यसै बीचमा चेलाहरूले उहाँलाई यसो भनेर बिन्ती गरे, 'रब्बी, भोजन
गर्नुहोस्।' ३२ तर उहाँले तिनीहरूलाई भन्नुभयो, 'मसित खानलाई भोजन छ,
जो तिमीहरूलाई थाहा छैन।' ३३ यसकारण चेलाहरूले आपसमा भने, 'के
कसैले उहाँलाई भोजन ल्याइदियो कि कसो? ' ३४ येशूले तिनीहरूलाई
भन्नुभयो, 'मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै

**मेरो भोजन हो। ३५ के तिमीहरू भन्दैनौ, 'अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ? म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। ३६ जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन्। ३७ किनकि 'एक जनाले छर्छ, र अर्काले कटनी गर्छ,' भन्ने वचन यसैमा सत्य हुन्छ। ३८ मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं। अरूहरूले परिश्रम गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौ।' ३९ 'मैले जे गरें उहाँले मलाई सबै भनिदिनुभयो' भन्ने त्यस स्त्रीको गवाहीले गर्दा त्यस नगरका सामरीहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे। ४० यसकारण जब सामरीहरू उहाँकहाँ आए, तब तिनीहरूले उहाँलाई तिनीहरूसँग बस्न बिन्ती गरे, र उहाँ दुई दिन त्यहाँ बस्नुभयो। ४१ अनि उहाँका वचनको कारण अरू धेरैले उहाँमाथि विश्वास गरे। ४२ त्यस स्त्रीलाई तिनीहरूले भने, 'अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं।'"**

उहाँका चेलाहरूलाई र हामीलाई भित्रीहृदयदेखि येशूले सिकाउहुने अनन्त जीवनको पाठ सरलै छः "जुन मानिसमा येशूको आत्मा छ उसमा सबै मानिसलाई ईस्वरीय करुणा तथा सदाशयताको आँखाले हेर्ने खुबी हुन्छ।"- एलेन जी ह्वाइट, *द साइनस अभ द टाइम्स,* जुन २०, १८९२बाट रूपान्तरित।

**तपाईंको समाजमा कस्ता वर्गका मानिसहरू छन् जसलाई तपाईंको संस्कार, संस्कृति, चालचलन वा समाजले नै हेपाहा दृष्टि राख्छ वा तल्लो जातको भनेर हेयको दृष्टिकोणले हेर्दछ? यदि तपाईं येशूको सही र पक्का भक्त हुनुहुन्छ भने त्यो प्रवृत्तिलाई कसरी परिवर्तन गर्नसक्नुहुन्छ?**

## ३. तपाईं जहाँ हुनुहुन्छ त्यहींबाट सुरू गर्नुहोस

कसैले भनेका थिए "यो जीवनमा सुरूवात गर्ने केवल एउटामात्र ठाउँ हुन्छ त्यो हो तपाईं जहाँ हुनुहुन्छ त्यहीं ठाउँ। त्यो भन्दा उपयुक्त अरू कुनै ठाउँ छैन जहाँबाट तपाईं सुरू गर्न सक्नुहोस्।" येशूले यो नीति प्रेरित १:८मा जोड दिएर घोषणा गर्नुभएको थियो, "तर तिमीहरूमा जब पवित्र आत्मा आउँनुहुन्छ तब तिमीहरूले शक्ति पाउनेछौ र तिमीहरूले येरुशलेममा, यहूदीया,

सामरियामा र पृथ्वीको अन्त वा कुनाकाप्चासम्म मेरो निम्ति गवाही दिनेछौ।" (रूपान्तरित)।

जुन सन्देश येशूले उहाँका चेलाहरूलाई दिनुभयो त्यो एकदमै सरल थियो र त्यसलाई कसैले बुझ्न सक्दिन भनेर भन्न पनि सक्दैन। जहाँ तपाईंलाई परमेश्वरले राख्नुभएको छ त्यहींबाट तपाईं येशूको निम्ति गवाही हुनुहोस्। कुनै अनुकुल समयमा वा कुनै अवसरमा म येशूको बारेमा सुनाउँछु भन्नुको सट्टा तपाईंका वरिपरि को छ त्यहींबाट तपाईं सुरू गर्नुहोस्। परमेश्वरको आँखा वा चस्माले हेर्ने बानी  गर्नुहोस् र तपाईंको नजिक भएको मानिसलाई येशूको बारेमा सुनाउने सम्भाव्यता हेर्नुहोस्।

येशूको बारेमा सुनाउनका लागि तपाईं अत्यन्तै शिक्षित हुनुपर्छ, बाइबल धर्मशास्त्रमा निपूर्ण हुनुपर्छ, बाइबल कलेजमा गएर बाइबल धर्मशास्त्रको ज्ञानमा डिग्री हासिल गरेको हुनुपर्छ, बोल्नमा सिपालु वा प्रतिभाशाली अर्थात् क्षमतावान् हुनुपर्छ भन्ने छैन। हुन त त्यस्ता केही गुणहरू तपाईंमा भए र त्यसलाई तपाईंले ठीकसँग प्रयोग गर्नुभयो भने त्यो उचित र सहयोगी हुनसक्छ तर मुख्यकुरा सुसमाचार सुनाउने खुबी हुनका लागि तपाईंको प्रेम परमेश्वरमा हुनैपर्दछ, अरूले पनि तपाईंले पाउनुभएको सन्देश सुनून् भन्ने उत्कट इच्छा हुनुपर्छ र अरूलाई तपाईंले प्रेमको आँखाले हेर्न सक्नुपर्दछ। यदि तपाईं गवाही दिन चाहनुहुन्छ भने तपाईंको निम्ति परमेश्वरले त्यसका लागि ढोका खोलिदिनुहुनेछ।

**देहायका पदहरू पढ्नुहोस्। तिनीहरूमध्ये आन्द्रियासको आत्मिक आँखा कस्तो थियो जब उनले गवाही दिन थालेका थिए? हेर्नहोस्, यूहन्ना १:४०-४२ " ४० यूहन्नाले भनेका कुरा सुन्ने र येशूलाई पछ्याउने ती दुई जनामध्ये एक जना सिमोन पत्रुसका भाइ अन्द्रियास थिए। ४१ तिनले पहिले आफ्ना भाइ सिमोनलाई भेट्टाए, र उनलाई भने 'हामीले मसीहलाई (जसको अर्थ हो, ख्रीष्ट) भेट्टाएका छौं।' ४२ तिनले सिमोनलाई येशूकहाँ ल्याए। येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, 'तिमी योआनेसको छोरा सिमोन हौ, तिमी केफास (जसको अर्थ हो, चट्टान) भनिनेछौ।', यूहन्ना ६:५-११ "५ तब येशूले आफ्ना चारैतिर हेर्दा एउटा ठूलो भीड आफूकहाँ आइरहेको देखेर फिलिपलाई भन्नुभयो, 'यिनीहरूलाई खुवाउनका निम्ति हामीहरूले कहाँबाट रोटी किन्ने? ' ६ उहाँले तिनको जाँच गर्नलाई यो भन्नुभएको थियो, किनभने उहाँले जे गर्न लाग्नुभएको थियो, सो उहाँलाई थाहा थियो। ७ फिलिपले उहाँलाई जवाफ दिए, 'प्रत्येकले**

अलि-अलि पाए तापनि दुई सय चाँदीका सिक्काको रोटीले तिनीहरूलाई पुग्नेछैन।' ८ उहाँका चेलाहरूमध्ये एक जना, सिमोन पत्रुसका भाइ अन्द्रियासले भने, ९ 'यहाँ एक जना ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुई माछा छन्। तर यति धेरैका निम्ति यतिले के पुग्ला र? १० येशूले भन्नुभयो, 'मानिसहरूलाई बस्न लाओ।' त्यहाँ धेरै घाँस भएको चउर थियो। तब प्रायः पाँच हजार पुरुषहरू त्यहाँ बसे। ११ तब येशूले रोटी लिनुभयो, र परमेश्वरलाई धन्यवाद चढ़ाउनुभएपछि बस्नेहरूलाई बाँड़िदिनुभयो, र त्यसै गरी माछा पनि बाँड़िदिनुभयो। तिनीहरूले चाहेजति खाए।' र यूहन्ना १२:२०-२६ "२० चाड़मा आराधना गर्न जानेहरूमध्ये कोही-कोही ग्रीकहरू पनि थिए। २१ तिनीहरू गालीलको बेथसेदा निवासी फिलिपकहाँ आएर यसो भनेर बिन्ती गरे, 'हजूर, हामी येशूलाई भेट्न चाहन्छौं।' २२ फिलिपले गएर अन्द्रियासलाई भने, र अन्द्रियास र फिलिप गएर येशूलाई भने। २३ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, 'मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ। २४ साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ। २५ आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ। २६ कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ। कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ।"

आन्द्रियासको अनुभवले हामीलाई धेरै कुराहरू सिकाउँदछ। येशूको निम्ति गवाही दिन उनले आफ्नै परिवारबाट सुरू गरे। येशूको बारेमा उनले आफ्नै भाइ पत्रुसलाई सुनाए। उनले एक जना सानो केटासँग मित्रता गाँसे। ती केटा आफूसँग भएको रोटी र माछा येशूलाई दिन तयार भए र उहाँले अचम्म तरिकाले हजारौंहरूलाई त्यसबाट ख्वाउनुभयो। ग्रीक अर्थात विदेशबाट आएका अन्यजाति पाहुनाहरूलाई के गर्ने भन्ने कुरामा आन्द्रियासलाई थाहा थियो। धर्मको बारेमा वादविवाद गर्नुभन्दा तिनीहरूको आवश्यकता थाहा पाएर तिनीहरूलाई उनले येशूकहाँ ल्याए।

हामीले मानिसहरूलाई येशूकहाँ ल्याउने सफलता हासिल गर्न सबभन्दा पहिले हामीले मानिसहरूसँग सकारात्मक सम्बन्ध राख्न सिक्नुपर्दछ। तिनीहरूलाई तपाईं चासो गर्नुहुन्छ भन्ने देखाउनुहोस्। तपाईंको एकदमै नजिकका मानिसहरूको बारेमा सोच्नुहोस् जसलाई येशूको बारेमा थाहा नभएको

होस्। के तिनीहरूले तपाईंबाट केही यस्तो महसुस गरेका छन् कि तपाईं करुणामयी, अरूको वास्ता गर्ने र चासो देखाउने व्यक्ति हुनु भएको कुरा तिनीहरूले महसुस गरेका होऊन्? के तिनीहरूले तपाईंमा शान्ति र उद्देश्यप्रेरित जीवन देखेका छन् जुन तिनीहरूको पनि चाहना हुन सकोस्? के तपाईको जीवनबाट नै सुसमाचारको विज्ञापन भइरहेको छ? हामीले येशूको बारेमा कसैलाई सुनाउँनु भनेको परमेश्वरको निम्ति साथी बनाउँनु हो। तिनीहरू इसाई मित्रहरू हुन्छन्। अनि जब तिनीहरूलाई बाइबलमा देखाइएको अन्त्यको समयको सन्देश सुनाउँछौं तब अन्तमा उनीहरू एडभेन्टिस्ट पनि हुन सक्छन्।

**कतिपय समयमा मानिसहरूलाई, हाम्रो आफ्नै परिवार वा आफन्तहरूलाई येशूकहाँ ल्याउन हामीलाई मुश्किल भइरहेको हुन्छ, यस्तो किन भएको होला? के तपाईं तपाईंको परिवारको सदस्य र नजिकको कुनै साथीहरूलाई येशूको बारेमा सुनाउन सफल हुनुभएको छ?**

## ४. अपठ्यारा मानिस वा परमेश्वरको वचन सुन्न नचाहनेहरूसँग कसरी व्यवहार गर्ने?

अप्ठ्यारा वा मिल्न नचाहने मानिसहरूसँग कसरी ब्यवहार गर्ने भन्ने विषयमा येशू अत्यन्तै निपूर्ण हुनुहुन्थ्यो । अर्थात खुशी पार्न नसकिने झगडालु मानिससँग कस्तो व्यवहार गर्ने भन्ने विषयमा पनि उहाँ गुरु हुनुहुन्थ्यो। उहाँले मानिस जस्तो छ त्यस्तै रूपमा विवादनगरी उसको मूल्याङ्कन नगरिकन उसलाई ग्रहण गर्नुभयो। तर संवेदनशील भएर उहाँले ती मानिसहरूको गुनासो र चासो सुन्नुभयो, तिनीहरूको सामु प्रश्न उठाउनु भयो र विस्तारै बिस्तारै परमेश्वरको आत्मज्ञानको सत्यलाई उहाँले प्रकट गर्नुभयो।कठोर मानिसहरूको भित्री चाहनालाई पनि उहाँले चिन्न सक्नुभएको थियो वा देख्न सक्नुभएको थियो र जस्तोसुकै निर्दयी पापी वा दुष्ट मानिसमा पनि केही न केही मानवता लुकेको उहाँले देख्नुभएको थियो। कुनैपनि मानिस सुसमाचार सुनाउन लायक छैन भन्ने कुरालाई येशूले मान्नुभएको थिएन। "कोही मानिस चाहे त्यो पतित वा तुच्छ, रद्दी, नैतिक रूपमा भ्रष्ट, बेकारको वा मूल्यहीन भएर त्यो मानिसले ख्रीष्टमा मुक्ति पाउन सक्दैन भन्ने हुदैन" भन्ने विश्वास येशूमा थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २५८बाट रूपान्तरित। येशूले हामी मानिस जातिले भन्दा फरक दृष्टिले मानिसलाई हेर्नुहुन्थ्यो। येशूले प्रत्येक मानिसमा सृष्टिको सरुवातमा परमेश्वरद्वारा प्रकट भएको महिमाको प्रतिबिम्ब देख्नुहुन्थ्यो।

तिनीहरूको सोचबिचारलाई उहाँले यति माथि उचाल्नुभयो कि तिनीहरू परमेश्वरको चाहना अनुसार चलेका भए ती मानिसहरू आफ्नो तल्लो स्तरबाट माथि पुगेको तिनीहरूको आफ्नै जीवनले देख्ने थिए।

सिमोन पत्रुस र आन्द्रियास, अनि नाम नखोलिएका येशूलाई प्रश्न गर्ने शास्त्री र क्रुसमा टाँगिएको अपराधीलाई येशूले कस्तो आह्वान वा आग्रह गर्नुभयो? जुन उस्तै उस्तै खालका थिए त? ती मानिसहरूको मन जित्न येशूले कस्तो व्यवहार गर्नुभयो त्यसलाई ध्यानपूर्वक पढ्नुहोस्।त्यहाँ मानिसको मन जित्ने उल्लेखनीय व्यवहार तपाईंले पाउनुभएको छ? हेर्नुहोस् देहायका केही घट्ना वा पदहरूः "१८ गालील-समुद्रको किनारमा हिँड्नुहुँदा उहाँले पत्रुस भन्ने सिमोन र तिनका भाइ अन्द्रियास, दुवै भाइलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो। तिनीहरू मछुवा थिए। १९ उहाँले तिनीहरूलाई भन्नुभयो, 'मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु।' २० तब उत्तिखेरै जालहरू छोड़ेर तिनीहरू उहाँको पछि लागे।" मत्ती ४:१८-२०," २८ शास्त्रीहरूमध्ये एक जना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने। येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, 'सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो? २९ येशूले जवाफ दिनुभयो, 'सबैभन्दा मुख्यचाहिँ यो होः 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ३० तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई तिम्रो सारा हृदयले, तिम्रो सारा प्राणले, तिम्रो सारा समझले, र तिम्रो सारा शक्तिले प्रेम गर्।' ३१ दोस्रोचाहिँ यो हो, 'तिमीले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।' ३२ त्यस शास्त्रीले उहाँलाई भने, 'गुरुज्यू, तपाईंले ठीक भन्नुभयो, परमेश्वर एउटै हुनुहुन्छ, उहाँबाहेक अर्को कोही छैन। ३३ उहाँलाई सारा हृदयले, सारा समझले, सारा शक्तिले प्रेम गर्नु, र छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु सबै होमबलि र बलिदानहरूभन्दा उत्तम हो।' ३४ तिनले बुद्धिमानीसाथ जवाफ दिएका देखेर येशूले तिनलाई भन्नुभयो, 'तिमी परमेश्वरको राज्यदेखि टाढ़ा छैनौ।' त्यस समयदेखि उहाँलाई प्रश्न गर्ने कसैको हिम्मत भएन।" मर्कूस १२:२८-३४, र "३२ अब तिनीहरूले दुई अपराधीहरूलाई उहाँसँगै मृत्युदण्ड दिनलाई लगे। ३३ जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एक जनालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाँगे। ३४ अनि येशूले भन्नुभयो, 'हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि

यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।' अनि तिनीहरूले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले। ३५ मानिसहरू उभिएर हेरिरहेका थिए। शासकहरूले उहाँको ठट्टा गर्दै भने, 'यसले अरूलाई बचायो, यो परमेश्वरका ख्रीष्ट तथा उहाँका चुनिएका जन हो भने यसले आफैलाई बचाओस्।' ३६ सिपाहीहरूले पनि आएर उहाँलाई सिर्का दिँदै यसो भनेर गिल्ला गरे, ३७ 'तँ यहूदीहरूका राजा होस् भने आफूलाई बचा।' ३८ 'यो यहूदीहरूको राजा हो' भन्ने दोष-पत्र पनि उहाँको मास्तिर थियो। ३९ क्रूसमा टाँगिएका अपराधीहरूमध्ये एक जना अपराधीले उहाँको अपमान गर्दै भन्यो, 'के तिमी ख्रीष्ट होइनौ? तिमी आफैलाई र हामीलाई बचाऊ।' ४० तर त्यसलाई हकारेर अर्कोले जवाफ दियो, 'तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस्? ४१ हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्।' ४२ तब त्यसले भन्यो, 'हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्।' ४३ उहाँले त्यसलाई भन्नुभयो, 'साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।'" लूका २३:३२-४३।

येशू जहाँ जहाँ जानुभयो त्यहाँ त्यहाँ उहाँले मानिसहरूलाई आत्मिक ज्ञान सिकाउन सकिने सम्भावना देख्नुभयो। मानिसले सोच्दै नसोचेको व्यक्ति परमेश्वरको राज्यको हकदार भएको कुरा उहाँले महसुस गर्नुभएको थियो। यो दक्षतालाई हामी "चर्च बढाउन सक्ने आँखा" भनेर भन्न सक्छौं। चर्च बढाउने आँखा वा चस्मा भनेको मानिसहरूमा हुने यस्तो दक्षता वा सोचको बिकास हो जुन हाम्रो प्रभु येशूमा थियो, जसले प्रत्येक व्यक्तिलाई परमेश्वरको राज्यमा सहभागी गराउन सक्ने कुराको ग्यारेन्टी गर्दछ। यसमा "चर्च बढाउने कानहरू" पनि समावेश हुनुपर्दछ ।अर्थात् हाम्रा वरिपरि रहेका मानिसहरूले व्यक्त नगरेतापनि तिनीहरूको आवश्यकताप्रति हामी संवदेनशील हुनु र सहयोग गर्नु।ती आवश्यकताहरू सुन्न वा देख्न सक्ने खुबी येशूभक्तहरूमा हुन जरूरी हुन्छ।

पवित्र आत्माले मानिसहरूको जीवनमा यस्तो काम गरून् ताकि तपाईंले तिनीहरूको सेवा गर्ने अवसर पाउनुहोस् र तिनीहरूप्रति संवेदनशील हुन सक्नुहोस् भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस्। मानिसहरूलाई तपाईंले दोस्रो स्पर्श वा दोस्रो पल्ट छुन सक्नुहोस् अर्थात् तपाईं सहयोग गर्न सक्नुहोस् र तिनीहरूलाई आत्मिकरूपमा सेवा गर्ने अवसर मिलोस् भनेर तपाईं आँखा

खोल्नुहोस् र परमेश्वरसँग प्रार्थना गर्नुहोस्। कुनै न कुनै तवरले परमेश्वरले तपाईंको सामु एक न एक मानिसलाई ल्याउनुहुन्छ ताकि तपाईंले आफ्नो आस्थाको बारेमा भन्न सक्नुहोस्। देख्न सक्ने आँखा, सुन्न सक्ने कान, संवदेनशील हृदय र तपाईंले थाहा पाए अनुसार तपाईंका प्रिय जनहरूलाई येशूको सुसमाचार सुनाउने चाहना तपाईंमा होस् भनेर प्रार्थना गर्नुहोस्। यदि तपाईंले यस्तो प्रार्थनाको जवाफ पाउनुभयो भने तपाईंको जीवनको यात्रा अत्यन्तै रोमाञ्चक हुनेछ। तपाईंको जिउनुको अस्तित्व नै पूरै नयाँ मोडमा पुगेको अनुभव गर्नुहुनेछ। पहिला कहिल्यै पनि अनुभव नगरेको आनन्द र संतुष्टिको अनुभव तपाईंले गर्नुहुनेछ। केवल ती मानिसहरू जसले अरूलाई येशूकहाँ ल्याएकोमा सफलताको अनुभव गर्छन् र तिनीहरूलेमात्र जीवन सार्थक बनेको, आत्मसंतुष्टि र आनन्दको महसुस गर्न सक्नेछन्।

## ५. सुसमाचार सुनाउन परमेश्वरले जुटाउनुभएको अवसरप्रति चनाखो हुनु

परमेश्वरको राज्यलाई अघि बढाउने काममा उहाँले चेलाहरूलाई कस्ता कस्ता अवसरहरू दिनुभयो भन्ने कथाहरूले प्रेरितको पुस्तक भरिएको छ। सुरूदेखि अन्तसम्मनै सुरूको चर्च कसरी बढ्यो भन्ने अत्यन्तै मनमोहक लेखहरू त्यस पुस्तकमा पढ्न सकिन्छ। यसको अर्थ सुरूको चर्चहरू स्वर्गीय अवस्थामा थिए भन्ने होइन बरू त्यसवेला ठूलो सतावट, खेदो र चुनौतिको सामना गर्नु परेको थियो। ती सतावट र चुनौति चर्चभन्दा बाहिरका मानिसहरूबाट अनि चर्चभित्रबाटै पनि भएको थियो।

त्रोआसमा पावलले भोगको अनुभव २ कोरन्थी २:१२,१३मा यसरी लेखेका छन् "१२ ख्रीष्टको सुसमाचार प्रचार गर्न त्रोआसमा आउँदा प्रभुमा मेरो लागि एउटा ढोका खोलिएको थियो, १३ तर मेरो भाइ तीतसलाई त्यहाँ नभेट्टाउँदा मेरो मनमा चैन भएन। यसकारण तिनीहरूबाट बिदा लिएर म माकेडोनियातर्फ लागें।" गोराहरूको देश युरोप महादेशमा सुसमाचार सुनाउने ढोका परमेश्वरले अचम्म तरिकाले पावलका लागि खोलिदिनुभएको थियो। आज खुलेको ढोका भोलि बन्द हुन सक्छ भनेर पनि उनलाई थाहा थियो। यो अवसर र संभावनाहरूलाई देखेर उनी तुरून्तै जहाजबाट युरोपको माकडोनिया तिर गए।

नयाँ करारका परमेश्वर ढोका खोलिदिने परमेश्वर हुनुहुन्छ। हामीलाई विभिन्न अलौकिक तरिकाले अवसरहरू प्रदान गरेर हाम्रो आस्थालाई

बाँड्न दिनुहुन्छ। प्रेरितको पुस्तकभरि नै परमेश्वर सक्रिय हुनुभएको हामी पाउँछौं। सहरहरूमा, देशहरूमा, विभिन्न क्षेत्रहरूमा र मानिसहरूकै हृदयले सुसमाचार सुनून् भनेर परमेश्वरले ढोका खोलिदिनुभएको छ।

**सुसमाचार सुनाउने ढोका परमेश्वरले खोलिदिनुभएको ज्वलन्त उदाहरण प्रेरित ८:२६-४०मा दिइएको छ। यहाँ परमेश्वरको अगुवाइप्रति फिलिप राजी भएका र परमेश्वरले उपलब्ध गराउनुभएको ईश्वरीय अवसरप्रति उनी कसरी तयार भइरहेका थिए भनेर पनि यस वृतान्तमा उल्लेख गरिएको छ। हेर्नुहोस् "२६ त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, 'उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ।' २७ अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष (अर्थात् अर्थमन्त्री) थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए। २८ उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका थिए। २९ तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, 'जाऊ र त्यस रथको साथ लाग।' ३० फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढ़िरहेको सुनेर उनले सोधे, 'तपाईंले पढ़िरहनुभएको कुरा बुझ्नुहुन्छ? ३१ तब तिनले भने, 'कसैले नबताईकन म कसरी बुझ्न सक्छु र? अनि तिनले फिलिपलाई रथमा चढ़ी तिनको साथमा बस्ने अनुरोध गरे। ३२ अब तिनले पढ़िरहेका धर्मशास्त्रको खण्ड यो थियो, 'जसरी भेड़ा काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन। ३३ उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको पुस्ताको बयान कसले गर्ने? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।' ३४ तब ती नपुंसकले फिलिपलाई भने, 'कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा? ३५ तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए। ३६ अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे। ती नपुंसकले भने, 'हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ? ३७ फिलिपले भने, 'यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।' तिनले जवाफ दिए 'येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु।' ३८ तिनले रथ रोक्ने आज्ञा**

**दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए। ३९ तर जब उनीहरू पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे। ४० तर फिलिप अश्दोदमा देखा परे, र कैसरिया नपुगुञ्जेल सबै सहरहरूमा सुसमाचार सुनाउँदै गए।"**

**"परमेश्वरको** आत्मज्ञानको ज्योति खोजिरहने र सुसमाचार सुन्न तयार भएको व्यक्तिकहाँ पुग्न स्वर्गदूतले फिलिपलाई अगुवाइ गर्दै थिए। ती सुसमाचार सुनाउन चाहनेहरूले  हृदयहरूलाई उच्च आदर्शमा **चल्न** पवित्र आत्मालाई अनुमति दिए भने आजपनि स्वर्गदूतहरूले तिनीहरूको कदममा अगुवाइ गर्नेछन्। इथियोपियाको अर्थमन्त्रीलाई स्वर्ददूत आफैले सिकाउन सक्थे तर उनले फिलिपलाई पठाउनुभयो। स्वर्गदूतहरूले सुसमाचार सुनाऊन् भनेर परमेश्वर तिनीहरूलाई खटाउनुहुन्न। तर मानिहरूलेनै आफ्ना मानिसहरूसँग मिलेर काम गरून् भन्ने परमेश्वरको योजना हो।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. १०९बाट रूपान्तरित।

**यस कथाको केन्द्रविन्दु धर्मशास्त्र बाइबल नै भएको कुरालाई ख्याल गर्नुहोस्। अर्कोतर्फ धर्मशास्त्र बाइबल पढ्ने र बुझ्ने ब्यक्तिलाई नै त्यसको व्याख्या गर्न अनुरोध गरिनुलाई कतिको महत्त्वपूर्ण ठान्नुभएको छ ? यसबाट हामी के पाठ सिक्न सक्छौं?**

## उपसंहारः

**थप जानकारीको निम्ति, एलेन जी ह्वाइटद्वारा लिखित द आक्टस् अभ द आपोस्टल्सको पृ. १०३-१११को "द गस्पल इन सामरिया।"हेर्नुहोस् ।**

जतातत‍ै मानिसहरू अनन्त स्वर्गको निम्ति विभिन्न तरिकाहरू अपनाइरहेका छन्। येशूले उचित तरिकाले यसरी भन्नुभएको थियो, "साँच्चै भनौं भने बाली काट्न त धेरै छ तर ज्यामीहरू थोरै छन् " (मत्ती ९:३७ रूपान्तरित)। त्यसको अर्थ समस्या भनेको बालीको होइन। अन्तरदृष्टिको आँखाले धेरै मानिसहरू परमेश्वरको राज्यमा जान राजी छन् तर चेलाहरूले केवल आउनेवाला विरोध र दुःखकष्टमात्र देखेका थिए। त्यसको समाधान गर्न येशूले के भन्नुभयो त? "त्यसकारण बाली काट्नुपर्ने प्रभुसँग प्रार्थना गर ताकि उहाँले बाली भित्राउन ज्यामीहरू पठाउनु भएको होस्" (मत्ती ९:३८ रूपान्तरित)। उहाँको खेतमा फलिरहेका बाली भित्राउन वा संसारमा

परमेश्वरको सुसमाचार सुन्न तयार भएका मानिसहरूकहाँ तपाईंलाई पठाउन परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

यो प्रार्थना किन नगर्ने? "प्रभु तपाईंको राज्यको प्रगतिको निम्ति म खट्न तयार छु। मेरो आँखा यसरी खोलिदिनुहोस् कि प्रत्येक दिन सुसमाचार सुनाउन तपाईंले जुटाउनुभएका अवसरहरू म पहिचान गर्न सकुँ। मेरा वरिपरि रहेका मानिसहरूप्रति म संवेदनशील हुनसकुँ। प्रत्येक दिन मेरो सम्पर्कमा आएका मानिसहरूसँग आशा, उत्साह, तपाईंको प्रेम र सत्य आत्मज्ञानको बारेमा बोल्न सकुँ।" यदि तपाईंले यो प्रार्थना गर्नुभयो भने तपाईंको जीवनमा परमेश्वरले अचम्मका कामहरू गर्नुहुनेछ।

**चिन्तनमनन्:**

अ. **यदि तपाईंले मानिसहरूलाई येशूकहाँ ल्याउने प्रयास गर्नुभयो भने एउटा कुरा तपाईंले ख्याल गर्नुपर्नेछ, कि त्यो काम सधैं सरल हुदैन, हुन्छ त? यो कुरा थाहा पाइराख्नुहोस्, केवल परमेश्वरलेमात्र मानिसहरूलाई उहाँतिर फर्काउन सक्नुहुन्छ। तर त्यस प्रक्रियामा भूमिका निर्वाह गर्न परमेश्वरले तपाईंलाई चुन्नुभएको छ। एक जना मानिसलाई परमेश्वरकहाँ ल्याउनका लागि समय, प्रयास, धैर्यता र प्रेम चाहिन्छ। यी सत्गुणहरू मानिसभित्रबाट स्वःत आउँदैन तर परमेश्वरबाट जन्मिएको हुनुपर्छ। तपाईंले जीवनमा के त्याग गर्नु आवश्यक छ जसले गर्दा येशूको निम्ति तपाईं प्रभावकारी गवाही हुनसक्नुहुनेछ?**

आ. **तपाईंका सम्पर्कमा आएका केही मानिसहरूको बारेमा सोच्नुहोस् जसले येशूलाई चिनेका छैनन्। तिनीहरूको निम्ति तपाईंले के गर्नुभयो वा के गरिरहनुभएको छ वा गर्नुपर्छ ताकि तिनीहरूले सुसमाचार सुन्न सकून्।**

इ. **टार्ससका पावलको बारेमा सोच्नुहोस्। येशूको विश्वासी हुन असम्भव भएका पावल कसरी विश्वासी हुन पुगे होलान् त? उनी कसरी येशूलाई विश्वास गर्न पुगे त्यो हामीलाई थाहा छ। कसैले येशूलाई विश्वास गरेको छ भन्दैमा**

बाहिरिरूपलाई मात्र हेरेर उसको मूल्याङ्कन गर्नु किन खतरापूर्ण हुन्छ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ?

ई. सावलको कथालाई मनमा राख्दै येशूले व्यक्त गर्नुभएको मत्ती ७:६ को आदेशलाई हामीले कसरी अर्थ्याउने, " जे पवित्र छ सो कुकुरहरूलाई नदेओ । आफ्ना मोतीहरू सुँगुरको अगाडि नफाल, नत्रता तिनले आफ्ना खुट्टाले तिनलाई कुल्चलान् र फर्की तिमीलाई हमला गर्लान् "।

कथा ३

## फिलिप्पिन परिवारको कायापलट अर्थात आमूल परिवर्तन

**-स्टिभन ड्रागो**



एक जना स्वास्थ्य र धार्मिक किताबहरू बेच्ने प्रचारक फिलिप्पिनको बाटुवान सहरको धुलाम्य सडकमा एक्लै हिँडिरहेका थिए। उनले दिनभरी गर्मीमा घर घरमा पसल पसलमा गएर किताब बेच्ने प्रयास गरे तर उनले एउटा किताब पनि बेच्न सकेनन्। उनको आयआर्जन नै पुस्तकहरूको बिक्री थियो। त्यस दिन किताब बेच्न नसकेकोले उनी केही हदसम्म निराश भएका थिए। तर अन्तमा आएर एउटा अर्को घरको ढोकामा ढकढक्याउने निर्णय गरे। जब उनी एउटा घरमा आए तब उनले प्रार्थना गरे, अनि ढोका ढकढक्याए।

एक जना भर्खरकी राम्री अनुहार भएकी महिलाले ढोका उघारेर ती थकित मानिसलाई अभिवादन गरिन् । मिठो बोलिले ती आगन्तुकले किताब किन्न अनुरोध गरे। ती मानिसले इमान्दारिताका साथ बोलेको र उनको आँखा मलिन भइरहेको कुरा ती महिलाले महसुस गरिन्। पवित्र आत्मा आफै ती मानिसको तर्फबाट महिलालाई आग्रह गर्दै थिए।

ती महिला इसाई थिइन्। तर वर्षौंसम्म येशूको पछि लाग्न तिनले चासो देखाएकी थिइनन्। आफ्ना दिन र वर्षहरू अनायासै खेर फालिरहेकी थिइन्।जब उनको परिवारको आर्थिक अवस्था गम्भीर बन्दै गयो तब उनले येशूको बारेमा जान्ने तृष्णा गर्न थालेकी थिइन्। तर उनको पैसाका थैलीहरू जहिले पनि खालि हुन्थ्ये। उनका दस जना छोराछोरीहरू थिए र अरू थप तीन जना पनि आउनेवाला थिए।

त्यो किताब कसरी किन्ने ? उनीसँग पैसैं थिएन। तिनले एउटा किताब हेरिन्, त्यो किताब उनले पढ्न चाहेकी पनि थिइन् साथै त्यो पढेर अरूलाई पनि सुनाउन चाहेकी थिइन्। त्यो किताब एलेन जी ह्वाइटद्वारा लिखित “द ग्रेट कन्त्रोभर्सी" थियो।

**आफूसँग भएभरको सवै पैसा लगाएर उनले त्यो किताब किनिन्।**

ती दिनहरू बिताएको ५० वर्ष भन्दा बढि भइसकेको थियो। तर त्यो एउटा पुस्तकले दिएको फल अझै पनि तिनहरूले महसुस गरिरहेका छन्। ती महिला इपिफानिया टाइले त्यो पुस्तकको माध्यमबाट तिनका सबै

छोराछोरूलाई येशूतिर ल्याउन सफल भइन्। एलेन जी ह्वाइटद्वारा *टेस्टिमोनिज फर द चर्चको* ठेली ६को पृ. ४२९ मा व्यक्त गरिएको भावनालाई उनले विश्वास गरेकी थिइन्। त्यसमा लेखिएको छ, “येशू ख्रीष्टको निम्ति हाम्रो काम परिवार र घरबाट सुरु गर्नुपर्छ...जुन सुसमाचार प्रचारको निम्ति महत्त्वपूर्ण क्षेत्र हो।"

उनका छोराहरूमा फ्लोरेन्ट टाइ पास्टर भए ।तिनका छोरा अहिले फिलिप्पिनको मनिलामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको किताब छापाखानाको अध्यक्ष भएका छन्। अरू छोराछोरीहरू कोही एल्डर भए, कोही डिकन भए, कोही डिकनेसस् भए र कोही शिक्षक भए। ती सबै जना एडभेन्टिस्ट चर्च शिक्षाका संस्थाहरूमा कार्यारत थिए। प्रायजसो सबै फिलिप्पिनको माउन्टेभ भ्यू एडभेन्टिस्ट कलेजमा ग्राडुयट भएका थिए। एकले अर्कोलाई त्यस कलेजमा पढ्न सहयोग गरेका थिए। ती महिलालाई “आमा" भनेर म मान्दछु। उनकी छोरीहरूमध्ये डोर्कासलाई मैले विवाह गरेको छु। उनले आफ्नो जीवन एडभेन्टिस्ट शिक्षण संस्थाहरूमा शिक्षकको काम गरेरै विताइन्।

आमालाई भेट्नुभन्दा अघि उनलाई पक्षाघात रोग लागेको थियो। उनी बोल्न सक्दिनथिन्, देख्न सक्दिनथिन् र ओछ्यानमै लडिरहेकी थिइन्।उनले किताब बेच्ने मानिससँगको आफ्नो पहिलो अनुभव हृदयदेखि नै खोलेर सुनाउन चाहेकी थिइन् तर सकिनन्। यद्यपि धेरै वर्ष अघि पवित्र आत्माको आवाजलाई सुनेको कारण उनले मेरो हृदयमा धेरै पल्ट बोलिसकेकी छिन्। २०१३को अगस्ट महिनामा उनको आमाको मृत्यु भयो। त्यसवेला उनी ८९ वर्षकी थिइन्।

एक जना गुमनाम भएको किताब बेच्ने एक्लो मानिसले गर्दा, उनको शक्तिशाली पुस्तक र पवित्र आत्माको आवाज सुनिदिने एक जना महिलाले गर्दा धेरै मानिसहरूले येशूलाई विश्वास गर्न पुगेका छन्। जुनबेला येशू ख्रीष्ट आउनुहुन्छ त्यसबेला म आमालाई भेट्नेछु।

---

स्टिभन ड्राको अहिले आफ्नी श्रीमती डोर्काससँग छन्। उनी अमेरिकाको भर्जिनिया राज्यको क्रिस्टियनवर्गमा बाइबलको शिक्षक तथा प्रचारकको रूपमा काम गर्छन्।